सिमकोट गाउँपालिका

# गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन प्रतिवेदन-२०८३

## आ.व.२०८२।०८३

सिमकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

सिमकोट,हुम्ला ।

## १. परिचयः

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार, व्यवस्थापन तथा सञ्चालनको दायित्व स्थानीय तहलाई सुम्पिएको छ। सोही संवैधानिक मर्म बमोजिम हिमाली तथा भौगोलिक रूपमा विकट क्षेत्रमा रहेको सिमकोट गाउँपालिका, हुम्लाले पालिकाभित्रका विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि शैक्षिक गतिविधिहरूका साथ साथै अतिरिक्त क्रियाकलापलाई विशेष प्राथमिकता दिँदै आएको छ। अतिरिक्त क्रियाकलाप केवल मनोरञ्जनको साधन मात्र नभई विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभाको प्रस्फुटन, बौद्धिक तथा शारीरिक विकास, खेलकुद भावना, अनुशासन, नेतृत्व क्षमता र भातृत्वको अभिवृद्धि गर्ने सशक्त माध्यम हो। सिमकोट गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन कार्यक्रमले पालिकाभित्रका सबै आधारभूत तथा माध्यमिक तहका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूलाई एकै थलोमा ल्याई उनीहरूको बहु आयामिक क्षमता उजागर गर्न र सकारात्मक प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ।

**१.२ कानुनी तथा नीतिगत व्यवस्था**: सिमकोट गाउँपालिकामा अतिरिक्त क्रियाकलाप सञ्चालन, बजेट विनियोजन तथा व्यवस्थापन देहायका संवैधानिक, कानुनी तथा नीतिगत आधारहरूमा रहेर सम्पादन गरिन्छ:

१. **नेपालको संविधान (२०७२):**
- **अनुसूची ८:** स्थानीय तहको अधिकारको सूची अन्तर्गत क्रमांक ८ मा रहेको **"आधारभूत र माध्यमिक शिक्षा"** सम्बन्धी अधिकार।
- **धारा ३१:** शिक्षा सम्बन्धी हक (प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र गुणस्तरीय शिक्षाको अधिकार)।

२. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४:**
- **दफा ११ (ज):** आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहको कार्यक्षेत्र अन्तर्गत विद्यालयको शैक्षिक, भौतिक तथा अतिरिक्त क्रियाकलापको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा सुपरिवेक्षण गर्ने स्पष्ट अधिकार।

३. **शिक्षा ऐन, २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली, २०५९:**
- विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप अनिवार्य रूपमा सञ्चालन गरी विद्यार्थीहरूको शारीरिक, मानसिक तथा नैतिक विकास गर्नुपर्ने कानूनी व्यवस्था।

४. **राष्ट्रिय शिक्षा नीति, २०७६:**
- विद्यार्थी-केन्द्रित र व्यवहारिक शिक्षण-सिकाइका लागि अतिरिक्त तथा सह-क्रियाकलाप (Co-curricular activities) लाई शैक्षिक प्रक्रियाको अभिन्न अङ्गका रूपमा सञ्चालन गर्ने नीतिगत निर्देशन।

५. **सिमकोट गाउँपालिकाको स्थानीय शिक्षा ऐन तथा वार्षिक स्वीकृत बजेट र कार्यक्रम:**

- सिमकोट गाउँपालिकाको गाउँसभाबाट स्वीकृत शिक्षा, युवा तथा खेलकुद शाखाको वार्षिक नीति, बजेट तथा कार्यक्रम अन्तर्गत गाउँपालिकास्तरीय अन्तर-विद्यालय खेलकुद तथा शैक्षिक प्रतियोगिता सञ्चालन सम्बन्धी व्यवस्था। सिमकोट गाउँपालिकाको **आ.व.२०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम** अनुसार विद्यार्थीहरूको अन्तरनिहित प्रतिभा प्रस्फुटन, शारीरिक तथा मानसिक विकास र नेतृत्व क्षमता अभिवृद्धिका लागि गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएका छन।

**२. कार्यक्रमको उद्देश्य:** सिमकोट गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका प्रमुख उद्देश्यहरू निम्नलिखित छन् :

- विद्यार्थीको सर्वपक्षीय विकास: पठनपाठनका साथसाथै विद्यार्थीहरूको बौद्धिक, शारीरिक, मानिसक र संवेगात्मक क्षमताको अभिवृद्धि गर्नु।
- प्रतिभाको पहिचान र प्रवर्द्धन: ग्रामीण तथा दूरदराजका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमा लुकेर रहेका सिर्जनात्मक एवं नेतृत्वदायी प्रतिभाको खोज गरी प्रवर्द्धन गर्नु।
- स्थानीय कला र संस्कृतिको संरक्षण: हुम्लाको स्थानीय कला, संस्कृति, भेषभूषा, भाषा र परम्परालाई अतिरिक्त क्रियाकलापका माध्यमबाट जगेर्ना गर्नु र भावी पुस्तामा हस्तान्तरण गर्नु।
- अनुशासन र सामाजिक भावनाको विकास: खेलकुद, वक्तृत्वकला, हाजिरीजवाफ, चित्रकला जस्ता कार्यक्रममार्फत विद्यार्थीहरूमा समूहमा काम गर्ने (टिमवर्क), अनुशासन, सहयोग र भ्रातृत्वको भावना अभिवृद्धि गर्नु।
- सकारात्मक प्रतिस्पर्धाको प्रवर्द्धन: गाउँपालिकाभित्रका विभिन्न विद्यालयहरूबीच स्वस्थ र सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गरी शिक्षाको गुणस्तर सुधारमा सहयोग पुऱ्याउनु।
- विद्यालयप्रति आकर्षण र नियमितता: शिक्षण प्रक्रियालाई रोचक र व्यावहारिक बनाई विद्यार्थीहरूलाई विद्यालयप्रति आकर्षित गर्नु र टिकाउ दर बढाउनु।
- विद्यार्थीहरूमा भ्रातृत्व, अनुशासन र खेलकुद भावनाको विकास गर्नु।
- सिर्जनात्मक तथा तार्किक क्षमता अभिवृद्धि गर्नु।
- गाउँपालिकाभित्रका विद्यालयहरूबीच सकारात्मक प्रतिस्पर्धात्मक वातावरण निर्माण गर्नु।

## ३. सञ्चालित प्रतियोगिताहरू (कार्यक्रम) :

- माध्यमिक तहस्तरीय हाजिरी जवाफ प्रतियोगिता / कार्यक्रम ।
- राष्ट्रपति रनिङ् शिल्ड तथा अध्यक्षकप प्रतियोगिता / कार्यक्रम ।
- आधारभूत तह ( कक्षा ४-५) स्तरीय हाजिरी जवाफ प्रतियोगिता / कार्यक्रम ।
- विद्यार्थी भर्ना तथा शैक्षिक अन्तरक्रिया कार्यक्रम ।
- विद्यार्थी प्रतिभा पहिचान र सम्मान कार्यक्रम ।

## ४. सहभागिताको विवरण:

- सहभागी विद्यालय संख्या: २५ (सामुदायिक तथा संस्थागत)
- कुल सहभागी विद्यार्थी: ३२० जना (छात्रा: १५५, छात्र: १६५)
- निर्णायक तथा व्यवस्थापक: शिक्षा अधिकृतहरु,शिक्षक, खेलकुद प्रशिक्षक तथा विषय विज्ञहरू ।

## ५. अतिरिक्त क्रियाकलाप प्रतियोगिताको नतिजा (संक्षिप्त) :

| क्र.स. | अतिरिक्त प्रतियोगिताहरुको विवरण | प्राप्त स्थान | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | सान्त्वना |
| १ | माध्यमिक तहस्तरीय हाजिरी जवाफ प्रतियोगिता | बालमन्दिर मा.व. | कर्णाली मा.वि. | मानसरोवर मा.वि. | सैपाल हिमाल मा.वि. |
| २ | राष्ट्रपति रनिङ् शिल्ड तथा अध्यक्षकप प्रतियोगिता | बालमन्दिर मा.व. | मानसरोवर मा.वि. | कर्णाली मा.वि. | कैलाश मा.वि. |
| ३ | आधारभूत तह ( कक्षा ४-५) स्तरीय हाजिरी जवाफ प्रतियोगिता | मानसरोवर मा.वि. | कर्णाली एकेडेमी स्कुल | कर्णाली मा.वि. | पञ्चमुखी हिमाल आ.वि. |
| ४ | विद्यार्थी भर्ना तथा शैक्षिक अन्तरक्रिया कार्यक्रम । | सबै माध्यमिक र आधारभूत विद्यालयहरु सहभागी भएका । | | | |
| ५ | विद्यार्थी प्रतिभा पहिचान र सम्मान कार्यक्रम | माध्यमिक शिक्षा परीक्षा र आधारभूत शिक्षा परीक्षामा उत्कृत नजिता ल्याउने विद्यार्थी र विद्यालयलाई समान । | | | |

**६. उपलब्धिहरू:** सिमकोट गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनले विद्यार्थीको सर्वाङ्गीण विकासका साथै शैक्षिक वातावरणमा सकारात्मक प्रभाव पारेको छ। प्रमुख उपलब्धीहरु निम्न छनः

- विद्यार्थीको क्षमता विकास: हाजिरीजवाफ, वक्तृत्वकला, वादविवाद, र निबन्ध लेखन जस्ता प्रतियोगितामार्फत विद्यार्थीहरूको अभिव्यक्ति क्षमता, नेतृत्व कौशल र तार्किक सोचमा सुधार आएको छ।
- खेलकुद र प्रतिभा पहिचान: राष्ट्रपति रनिङ शिल्ड तथा पालिकास्तरीय खेलकुद (भलिबल,आदि) सञ्चालनबाट दुर्गम क्षेत्रका प्रतिभावान खेलाडीहरूको पहिचान भई जिल्ला तथा प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने बाटो खुलेको छ।
- विद्यालय उपस्थितिमा वृद्धि: अतिरिक्त क्रियाकलापको नियमित आयोजनाले विद्यालयको वातावरण रोचक बनी विद्यार्थीको नियमित उपस्थिति बढ्न गएको र बीचैमा विद्यालय छाड्ने (Drop-out) दर घटेको छ।
- अन्तर-विद्यालय समन्वय: गाउँपालिकाका विभिन्न वडा र विद्यालयहरू बीच आपसी भाइचारा, स्वस्थ प्रतिस्पर्धा र अनुभव आदान-प्रदान गर्ने वातावरण बनेको छ।
- विद्यार्थीहरूको प्रतिभा पहिचान भई पालिकास्तरीय छनोट कार्य सहज भएको।
- दुर्गम क्षेत्रका विद्यार्थीहरूमा आत्मविश्वास र अनुशासन अभिवृद्धि भएको।
- विद्यालय-विद्यालयबीच सामाजिक तथा शैक्षिक सम्बन्ध सुदृढ भएको।

**७. चुनौतीहरू:** सिमकोट गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनमा देखा परेका प्रमुख चुनौतीहरू निम्न अनुसार छन्:

- भौगोलिक विकटता र यातायातको कठिनाइ: हिमाली भूगोलका कारण एउटा विद्यालयबाट अर्को विद्यालय पुग्न घण्टौंसम्म पैदल हिँड्नुपर्ने अवस्था छ, जसले गर्दा विद्यार्थी र शिक्षकहरूलाई कार्यक्रम स्थलसम्म पुग्न कठिन हुन्छ।
- पर्याप्त बजेट र खेलकुद सामग्रीको अभाव: अतिरिक्त क्रियाकलापका लागि छुट्याइएको बजेट सीमित हुनु र आवश्यक खेलकुद सामग्री, पुरस्कार तथा पोसाकको उचित व्यवस्थापन गर्न नसकिनु।
- भौतिक पूर्वाधारको कमी: धैरैजसो विद्यालयहरूमा उपयुक्त खेलकुद मैदान, र अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आवश्यक हलको अभाव रहेको छ।
- मौसम र जलवायुको प्रतिकूलता: अत्यधिक चिसो, हिमपात र अचानक मौसममा आउने परिवर्तनका कारण शैक्षिक क्यालेण्डमा तोकिएका कार्यक्रमहरू समयमै सञ्चालन गर्न बाधा पुग्नु।
- दक्ष प्रशिक्षक र जनशक्तिको कमी: खेलकुद तथा अन्य अतिरिक्त क्रियाकलापलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि तालिम प्राप्त खेल शिक्षक (PET) वा विषयगत प्रशिक्षकको अभाव हुनु।

- नियमितताको कमी: अतिरिक्त क्रियाकलापलाई वार्षिक शैक्षिक क्यालेन्डरमा समावेश गरिए पनि स्रोत-साधन र समन्वयको अभावमा वर्ष भरि निरन्तरता दिन नसकी वार्षिक उत्सव वा राष्ट्रपति रनिङ शिल्डमा मात्र सीमित हुनु।

**८. सुझावहरू:** सिमकोट गाउँपालिकामा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि निम्न सुझावहरू कार्यान्वयन गर्न सकिन्छ:

- क्लस्टरस्तर (Cluster-level) मा कार्यक्रम आयोजना: भौगोलिक विकटतालाई ध्यानमा राख्दै सबै विद्यालयहरूलाई एउटै केन्द्रमा बोलाउनुको साटो वडा वा क्षेत्र अनुसार क्लस्टर बनाएर प्रारम्भिक प्रतियोगिताहरू सञ्चालन गर्ने र उत्कृष्टलाई मात्र पालिकास्तरमा सहभागी गराउने।
- पर्याप्त बजेट तथा कोषको व्यवस्था: गाउँपालिकाको वार्षिक शिक्षा बजेटमा अतिरिक्त क्रियाकलाप र खेलकुदका लागि छुट्टै र पर्याप्त बजेट विनियोजन गर्ने तथा स्थानीय निजी क्षेत्रसँग साझेदारी गर्ने।
- आधारभूत पूर्वाधार विकास: पालिकास्तरमा कम्तीमा एउटा सुविधासम्पन्न खेलकुद मैदान र सभाहल निर्माण गर्ने तथा विद्यालयहरूमा उपलब्ध मैदानहरूको स्तरोन्नति गर्ने।
- मौसम अनुकूल शैक्षिक क्यालेन्डर: हिमाली क्षेत्रको मौसमलाई ध्यानमा राखी अत्यधिक चिसो वा हिमपात हुने समय छलेर अनुकूल मौसममा मात्र ठूला प्रतियोगिताहरू सञ्चालन गर्ने गरी वार्षिक शैक्षिक क्यालेन्डर बनाउने।
- शिक्षकहरूका लागि तालिम: प्रत्येक विद्यालयका कम्तीमा एक जना शिक्षकलाई खेलकुद, स्काउट, तथा अतिरिक्त क्रियाकलाप सञ्चालनसम्बन्धी अल्पकालीन वा दीर्घकालीन तालिम दिने।
- स्थानीय स्रोत र संस्कृतिको उपयोग: स्थानीय स्तरमै उपलब्ध स्रोत-साधनको प्रयोग गरी खेल सामग्री तयार गर्ने र हिमाली लोकसंस्कृति, देउडा तथा परम्परागत खेलहरूलाई जोड दिई कार्यक्रमहरू सञ्चालन गर्ने।
- आगामी वर्षहरूमा बजेट वृद्धि गरी खेल मैदान र पूर्वाधारको पूर्वतयारी गरिनुपर्ने।
- वडास्तरमै प्रारम्भिक छनोट चरण आयोजना गर्दा टाढाका विद्यार्थीलाई सहज हुने।
- उत्कृष्ट प्रतिभाहरूलाई निरन्तर प्रशिक्षणको व्यवस्था मिलाउनुपर्ने।

......
**तयार गर्ने**
**कृष्ण प्रसाद आचार्य**
**शिक्षा अधिकृत**

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

# अतिरिक्त क्रियकलाप सञ्चालनका फोटाहरु

( संलग्न व्यक्तिहरुः गाउँपालिका अध्यक्ष श्री विजय भण्डारी, प्रमुख जिल्ला अधिकारी श्री टेक कुमार रेग्मी,जिल्ला समन्वय समितिका प्रवक्ता श्री सरिता रावत ,उपाध्यक्ष श्री सुशीला रोकाया प्रमुख प्रशासकीय अधिकृतः वर्ष बहादुर फडेरा प्रवक्ता श्री नन्द रावत, वडा अध्यक्षहरु, जिल्लास्थिति राजनितिक दलका प्रमुख एवम् प्रतिनिधि, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक र शिक्षा अधिकृतः कृष्ण प्रसाद आचार्य)

## कार्यक्रमको नामः गाउँपालिकास्तरीय अध्यक्षकप प्रतियोगिता



## कार्यक्रमको नामः विद्यार्थी प्रतिभा पहिचान र सम्मान कार्यक्रम

(संलग्न व्यक्तिहरुः  गाउँपालिका अध्यक्ष श्री विजय भण्डारी ,उपाध्यक्ष श्री सुशीला रोकाया प्रमुख प्रशासकीय अधिकृतः भलाराम पंगाली,शाखा अधिकृत उजिर रोकाया, प्रवक्ता श्री नन्द रावत,सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु , वरिष्ठ शिक्षा अधिकृतः वर्ष बहादुर फडेरा  र शिक्षा अधिकृतः कृष्ण प्रसाद आचार्य)



सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

**कार्यक्रमको नामः माध्यमिक तहस्तरीय हाजिरी जवाफ प्रतियोगिता**

(संलग्न व्यक्तिहरुः गाउँपालिका अध्यक्ष श्री विजय भण्डारी , प्रमुख प्रशासकीय अधिकृतः वर्ष बहादुर फडेरा, प्रवक्ता श्री नन्द रावत माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु र शिक्षा अधिकृतः कृष्ण प्रसाद आचार्य)

**स्थानः श्री मानसरोवर माध्यमिक विद्यालय सिमकोट-६ हुम्ला ।**



सिमकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

## कार्यक्रमको नामः आधारभूत तह (कक्षा ४-५) स्तरीय हाजिरी जवाफ प्रतियोगिता

(संलग्न व्यक्तिहरुःगाउँपालिका उपाध्यक्ष श्री सुशीला रोकाया, प्रमुख प्रशासकीय अधिकृतः भलाराम पंगाली, शाखा अधिकृतः उजिर रोकाया प्रवक्ता श्री नन्द रावत विद्यालयका प्रधानाध्यापकहरु र शिक्षा अधिकृतः कृष्ण प्रसाद आचार्य)

**स्थानः श्री भिमसेन आधारभूत विद्यालय सिमकोट-६ हुम्ला ।**



सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

## कार्यक्रमको नामःविद्यार्थी भर्ना अभियान तथा शैक्षिक अन्तरक्रिया

(संलग्न व्यक्तिहरुः गाउँपालिका अध्यक्ष श्री विजय भण्डारी, उपाध्यक्ष श्री सुशीला रोकाया ,शाखा अधिकृतः उजिर रोकाया, प्रवक्ता श्री नन्द रावत वडा अध्यक्षः कमल बुढा, आधार नेपालका शिक्षा अधिकृत श्री कन्जोक लामा ,प्रशासकीय अधिकृतः श्री ममता महत,श्री बलभद्र ,कान्ती आ.वि.,का प्रधानाध्यापकहरु, विद्यार्थी,शिक्षक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र शिक्षा अधिकृतः कृष्ण प्रसाद आचार्य)

स्थानः सैपाल हिमाल माध्यमिक विद्यालय सिमकोट-८ हुम्ला ।



रेडियो मानसरोवर र कर्णालीमा शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना अभियान र शैक्षिक अन्तरक्रिया कार्यक्रमको विषयमा उक्त रेडियोमार्फत जानकारी




सिमकोट गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन प्रतिवेदन-२०८३

## कार्यक्रमको नामःविद्यार्थी भर्ना अभियान तथा शैक्षिक अन्तरक्रिया

(संलग्न व्यक्तिहरुःगाउँपालिका उपाध्यक्ष श्री सुशीला रोकाया ,शाखा अधिकृतः उजिर रोकाया,वडा अध्यक्षःबलविर शाही,आधार नेपालका शिक्षा अधिकृत श्री कन्जोक लामा ,प्रशासकीय अधिकृतः श्री ममता महत,श्री दोभान आ.वि.,का प्रधानाध्यापक, विद्यार्थी,शिक्षक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र शिक्षा अधिकृतः कृष्ण प्रसाद आचार्य)

स्थानः कर्णाली माध्यमिक विद्यालय सिमकोट-७ हुम्ला ।








## कार्यक्रमको नामःविद्यार्थी भर्ना अभियान तथा शैक्षिक अन्तरक्रिया

(संलग्न व्यक्तिहरुः गाउँपालिका उपाध्यक्ष श्री सुशीला रोकाया ,शाखा अधिकृतः उजिर रोकाया,वडा अध्यक्षःबलविर शाही,श्री सर्किदेउ आ.वि., सनसाइनका प्रधानाध्यापक, विद्यार्थी,शिक्षक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र शिक्षा अधिकृतः कृष्ण प्रसाद आचार्य)

स्थानः कैशला माध्यमिक विद्यालय सिमकोट-७ हुम्ला।




**सिमकोट गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन प्रतिवेदन-२०८३**

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

## कार्यक्रमको नाम: विद्यार्थी भर्ना अभियान तथा शैक्षिक अन्तरक्रिया

(संलग्न व्यक्तिहरुः उपाध्यक्ष श्री सुशीला रोकाया , प्रमुख प्रशासकीय अधिकृतः वर्ष बहादुर फडेरा,वडा अध्यक्षःनन्द रावत,श्री बालमन्दिर मा.वि. भिमसेन,कालाशिल्ला,हिमाली बहिरा, सिद्धार्थ ,बालविकास,जनज्योति ,संस्थागत विद्यालयका प्रधानाध्यापक,विद्यार्थी,शिक्षक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र शिक्षा अधिकृतः कृष्ण प्रसाद आचार्य)

**स्थानः श्री मानसरोवर माध्यमिक विद्यालय सिमकोट-६ हुम्ला ।**



## कार्यक्रमको नामः विद्यार्थी भर्ना अभियान तथा शैक्षिक अन्तरक्रिया

(संलग्न व्यक्तिहरुः प्रमुख प्रशासकीय अधिकृतः श्री वर्ष बहादुर फडेरा ,श्री रलिङ मा.वि. महाकाल,चाङ्ला हिमाल ,कालाशिल्ता कुम्लिक, पञ्चमुखी हिमाल आ.वि.का प्रधानाध्यापक,विद्यार्थी,शिक्षक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र शिक्षा अधिकृतः कृष्ण प्रसाद आचार्य)

**स्थानः श्री रामदेव माध्यमिक विद्यालय सिमकोट-२ हुम्ला ।**




......
तयार गर्ने
कृष्ण प्रसाद आचार्य
शिक्षा अधिकृत